म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ७९ २०८१ माघ २३ गते बुधबार 5 February 2025, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## बाथरुममा लडेर चौधरीको मृत्यु

हेटौँडा : चितवन जिल्लाको भरतपुर महानगरपालिका-१५, देवीचोकमा नुहाउने क्रममा बाथरुममा लडेर एक जना महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा बाराको कोइली नगरपालिका-११ घर भई हाल देवीचोक बस्ने ५० वर्षीया जमुनादेवी चौधरी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

सोमबार बिहान १० बजेको समयमा चौधरी बाथरुममा नुहाउने क्रममा लड्दा गम्भीर घाइते भएकी थिइन्। घाइते चौधरीलाई उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएकोमा बिहान ११ बजेर २४ मिनेटमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

# बागमती प्रदेश सभा सञ्चालन गर्न प्रतिपक्ष सहमत

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेश सभाको हिउँदे अधिवेशनको पहिलो बैठक नै प्रभावित हुने गरी विमति जनाएको प्रतिपक्षले प्रदेश सभा बैठक सञ्चालन गर्न सहमति जनाएको छ। प्रतिपक्षी दल सहमत भएसँगै बागमती प्रदेश सभाको भोलि बुधबार बस्ने बैठक सञ्चालन हुने भएको छ। मंगलबार बसेको सर्वदलीय बैठकले प्रदेश सभा सञ्चालन गर्ने सहमति जुटाएको हो।

सभामुख भुवन कुमार पाठकको संयोजकत्वमा बसेको सर्वदलीय बैठकले सत्तापक्ष र प्रतिपक्षबीचको बजेटमाथिको विवाद समाधान गर्ने सहमति जुटाएको हो। सभामुख पाठकले बुधबार बस्ने बैठकमा प्रतिपक्षको अवरोध नरहने गरी सहमति भएको जानकारी दिनुभएको छ। उहाँका अनुसार बुधबारको बैठकमा निर्धारित कार्यसूची अनुसार विधेयकहरु प्रस्तुत हुनेछ। बैठकले विभिन्न विषयमा छलफल गरी प्रदेश सभा बैठक सञ्चालनको वातावरण तयार गर्ने गरी प्रतिपक्षसँग र सत्तापक्षबीच सहमति जुटाएको हो।

बैठकमा सरकारको तर्फबाट प्रतिपक्षले उठाएको मागका सन्दर्भमा अनुकुलताको आधारमा सम्बोधन गर्नेगरी छलफल भएको मुख्यमन्त्री बहादुर सिंह लामाले जानकारी दिनुभएको छ। प्रदेश सरकारको क्षमता र स्रोत अनुसार प्रतिपक्षी दलले उठाएका बजेट माग सम्बोधन गर्नेगरी सहमति भएको उहाँले बताउनुभयो। प्रतिपक्षी दलले विगतको सहमति र विपद् प्रभावित क्षेत्रको पुन:निर्माण लगायतका विषयमा सरकारले क्रमश: सम्बोधन गर्नेगरी प्रतिवद्धता जनाएको उहाँको भनाई छ।

बैठकमा सहभागी प्रतिपक्षी दल माओवादी केन्द्रको संसदीय दलका नेता शालिकराम जम्कट्टेलले सर्वदलीय बैठकमा ठोस निश्कर्ष निस्कन नसकेपनि मौखिक प्रतिवद्धता सरकारबाट आएको बताउनुभयो। प्रतिपक्षी दलसँगको सहमतिका विषयमा केही समय पर्खने नीति अनुसार बुधबारको प्रदेश सभा बैठक रोक्ने अवस्थामा नरहेको उहाँले बताउनुभयो। प्रतिपक्षी दलहरुको छलफल र सरकारको प्रतिवद्धताको आधारमा केही दिन पर्खने गरी हाउस संचालनको वातावरण तयार भएको उहाँले बताउनुभयो।

'सरकारसँग विविध विषयमा छलफल भए। तर, ठोस निश्कर्ष आएको छैन। यद्यपि प्रतिपक्षी दलहरु तत्काल प्रदेश सभा अवरुद्ध गर्ने अवस्थामा पुगेको छैन', उहाँले भन्नुभयो, 'हामी केही समय पर्ख र हेरको स्थितिमा छौं। सरकारको तर्फबाट लिखित सहमति आएको छैन। प्रतिपक्षी दलको माग छिट्टै सम्बोधन गर्ने मौखिक प्रतिवद्धता आएको छ। केही दिन पर्खेर अघि बढ्ने गरी प्रतिपक्षी दलहरुले रणनीति तयार गरेको छ।'

# पाठेघरको मुखको क्यान्सर रोगको चुनौती बढ्दो छः मुख्यमन्त्री लामा



*कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्मयन्त्री बहादुरसिं लामा।*

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले पाठेघरको मुखको क्यान्सर रोगको चुनौती बढ्दो रहेको बताउनुभएको छ। उहाँले नेपालमा वर्षेनी हजारौं महिलाहरु पाठेघरको मुखको क्यान्सरबाट प्रभावित भइरहेको बताउनुभयो।


हेटौँडा-१० स्थित ज्ञानदा माध्यमिक विद्यालयबाट पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप अभियानको उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री लामाले नेपालमा दैनिक ४ जना महिलाले पाठेघरको मुखको क्यान्सरबाट मृत्यु वरण गर्नुपर्ने अवस्था रहेको जानकारी दिनुहुँदै यस्तो भयावह अवस्थालाई नियन्त्रण गर्न तीन तहको सरकारको समन्वयमा पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप अभियान सुरु गरिएको बताउनुभयो।

'पाठेघरको मुखको क्यान्सर रोग पूर्णरुपमा नियन्त्रण गर्न खोप अभियान संचालन गरिएको हो। खोपबाट दैनिक ४ जना महिलाहरुको मृत्यु हुने दरलाई नियन्त्रण गर्न सकिन्छ', मुख्यमन्त्री लामाले भन्नुभयो, 'महिलाहरु आफूलाई भएको समस्या लुकाएर राख्ने अवस्थाले पीडामा छन्। रोग लुकाएर राख्नुभन्दा समयमा नै स्वास्थ्य संस्थामा गएर उपचार गराउनुपर्छ। रोगको सुरुवातमा नै उपचार गरेर निर्मुल गर्नुपर्छ। रोग लुकाएर राख्नु भन्दा उपचारमा लाग्नु उपयुक्त हुन्छ।'

मुख्यमन्त्री लामाका अनुसार पछिल्लो समय क्यान्सर प्राणघातक रोगसँगै आर्थिक रुपले पनि जटिल बनिरहेको छ। क्यान्सरको उचारमा भन्दा पनि सहायक रोगको व्यवस्थापनमा बढी खर्च हुने गरेको उहाँले बताउनुभयो। कार्यक्रममा प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले नेपालमा नसर्ने रोगबाट मृत्यु हुने दर बढ्दो रहेको बताउनुभयो। उहाँले ७० प्रतिशत मानिसको नसर्ने रोगबाट मृत्यु भइरहेको र नसर्ने रोगको क्षति रोक्नुपर्ने चुनौती रहेको बताउनुभयो।

### मकवानपुरगढीमा एसईई अभ्यास परीक्षा सुरू

# ५० प्रतिशतभन्दा बढी उत्तीर्ण गराउने योजना


*मकवानपुरगढी-२ स्थित चण्डिका माविमा एसईई अभ्यास परीक्षामा सहभागी विद्यार्थी।*

समाज संवाददाता

हेटौँडा : मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा मंगलबारबाट एसईई अभ्यास परीक्षा सुरु भएको छ। माघ ३० गतेसम्म संचालन हुने परीक्षाको पहिलो दिन अनिवार्य गणित विषयको परीक्षा भएको गाउँपालिकाका शिक्षा सहजकर्ता कमल फुयाँलले जानकारी दिनुभयो।

मकवानपुरगढी गाउँपालिकाका १० वटा विद्यालय माध्यमिक तहका छन्। चालु शैक्षिक सत्रको सुरुवातमा कक्षा १० मा २४२ जना विद्यार्थी भर्ना भएका थिए। एसईई फारम भर्ने २१९ जना विद्यार्थी मध्ये अभ्यास परीक्षामा ७ जना अनुपस्थित भएको सहजकर्ता फुयाँलले जानकारी दिनुभएको छ। परीक्षा दिउँसो १ बजेबाट सुरु हुनेछ। विद्यार्थीले आफ्नै विद्यालयमा अभ्यास परीक्षा दिने व्यवस्था मिलाइएको छ। परीक्षाको दोस्रो दिन बुधबार अनिवार्य अङ्ग्रेजी, बिहीबार नेपाली, शुक्रबार सामाजिक अध्ययन, आइतबार विज्ञान तथा प्रविधि, सोमबार ऐच्छिक प्रथम र अन्तिम दिन ऐच्छिक द्वितीय विषयको परीक्षा हुनेछ।

मकवानपुरगढी गाउँपालिका-१ को रानिसेरा माविमा १३ जना, मकवानपुरगढी-२ को वंशगोपाल माविमा २० जना, चण्डिका माविमा ४५ जना, मकवानपुरगढी-३ को भानु माविमा २५ जना, मकवानपुरगढी-४ को मनकामना माविमा १७ जना, मकवानपुरगढी-५ को शारदा माविमा २५ जना, मकवानपुरगढी-६ को जालपादेवी माविमा १४ जना, जनक माविमा ९ जना, मकवानपुरगढी-७ को जनता माविमा ३० जना र मकवानपुरगढी-८ को रुपनारायण माविमा २१ जना विद्यार्थीले एसईईमा सहभागी हुन फारम भरेका छन्।

एसईईको फारम भरेका मध्ये वंशगोपाल माविका ५ जना र जनक माविका २ जना विद्यार्थी अभ्यास परीक्षामा अनुपस्थित रहेको सहजकर्ता फुयाँलले जानकारी दिनुभएको छ। अनुपस्थित हुने विद्यार्थीको खोजी गरी एसईईमा सहभागी गराउने उहाँको भनाई छ। २०८० सालको एसईईमा १५ प्रतिशत मात्रै विद्यार्थी उत्तीर्ण भएपछि मकवानपुरगढी गाउँपालिकाले एसईईको तयारीमा ध्यान दिएको छ।

यस वर्षको वर्षे विदामा मकवानपुरगढी गाउँपालिकाले कक्षा १० का विद्यार्थीलाई आवासीय सुविधासहित एक महिना लामो विशेष कक्षा सञ्चालन गरेको थियो। मकवानपुरगढी-७, सुकौरास्थित जनता माविमा सञ्चालन गरिएको विशेष कक्षामा २१३ जना विद्यार्थी सहभागी थिए। मकवानपुरगढी गाउँपालिकाले यस वर्षको एसईईमा ५० प्रतिशत भन्दा बढी विद्यार्थी उत्तीर्ण गराउने लक्ष्यसहित तयारी गरिरहेको सहजकर्ता फुयाँलको भनाइ छ।




|| बिशेष आकर्षण ||




हेटौँडा आईडल

हेटौँडा आईडल
Construction Expo-2
निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा यही मिति २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौँडा-१० टिसिएन चौर मा दोस्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव-२०८१ हुन गईरहेको छ। सोही अवसरमा **हेटौँडा आईडल** गायन प्रतियोगिता हुने भएकोले ईच्छुक नव गायकहरुले संघको कार्यालयमा सम्पर्क गरी रु. १००/- (रु. एकसय) को फारम खरिद तथा एकप्रति फोटो सहित २०८१ फागुन २ गतेसम्म बुझाउन हुन अनुरोध गरिन्छ।
सम्पर्क :
निर्माण व्यवसायी संघ, मकवानपुर । हेटौँडा-४
सम्पर्क: ०५७-५२०८१६, ९८०६८०००८१ (दिपेश)

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौँडा-१०, टिसिएन चौर।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर। सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री।
- सूचना प्रविधि प्रदर्शनी।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस।
- मनोरञ्जनात्मक बाल उद्यान।
- नविनतम उपकरणहरुको प्रदर्शनी।
- नयां/नौलो प्रबिधिको प्रदर्शनी।

# दोर्जेको सपना



**✍सम्पनन सापकोटा**

सेतो हिमालमा सूर्यको प्रकाश पर्दा हिमाल पहेँलो भएर टल्केको थियो । दोर्जे आफ्नो ओछ्यानबाट आँखा मिच्दै उठ्यो । जगमा पानी लिँदै शौचालय गयो । आच्छु कति चिसो पानी ठिरायो । मलाई त मकैको रोटी र चौँरीको दूध खाएर बख्खुको गोजीमा भुटेको मकै पोको पारी सबै उसको साथीहरु बटुलेर यार्सा गूम्बा दिन लागे ।


दोर्जेको साथीहरुले पाए तर दोर्जेले भेटेन अब दोर्जेको दिमागमा अनेक कुरा आउन थाल्यो । आज कमाई भएन के गर्ने होला । टोलाएर बस्न थाल्यो । अर्को साथीले 'ओइ दोर्जे के भयो किन टोलाएको भन्या' दोर्जे झस्किदै भन्यो केही पनि होइ न। सबै साथीहरुले पोल्टाबाट मकै झिकेर खान थाले साँझ पर्दै गयो उनीहरु घर फर्किए। आमाले पकाएको भात खाएर दोर्जे सुत्न गयो ।

उसलाई फिटिक्कै निन्द्रा लागेन अब घर खर्च कसरी टार्ने होला । उसको मनमा आजको सट्टा भोलि नै खोज्नु पर्छ । यस्तो कुरा सोच्दा सोच्दै दोर्जे निदायो भाले बासेको सुनेर दोर्जे उठ्यो । आज पनि भात खाएर समयमै दोर्जे साथी बटुलेर हिमालमा हिँड्यो । यार्सागुम्बा टिप्न लागि परे आज चाहिँ उनीहरुले धमाधम यार्सा गुम्बा भेटे । उनीहरु सबैजना खुसी थिए । चौतारीमा बसेर गीत गाउँदै रमाइलो गर्न थालेँ । दोर्जेको साथीले भन्यो भोलि त महिना मर्ने दिन जम्मा गरेको सबै यार्सा गुम्बा साहु लिन आउने दिन । भोलि त पैसा आउँछ महिनाको घर खर्च आमालाई लगेर दिन्छु भन्दै गफ गर्दै घर फर्किए ।

भात खादै आमालाई भएभरको सबै कुराकानी सुनायो । आमा पनि खुसी भई भन्नुभयो मेरो छोराले कति मिहेनत गर्छ 'ल है आमा म त सुत्न गएँ । आज धेरै थकाइ लागेको छ । दोर्जे ओछ्यानमा पल्टियो र सोच्न थाल्यो । आज त राम्रै कमाइ भयो यस्तै रहेछ कहिले भरि कहिले खाली । आज त निन्द्रा पनि मज्जाको लाग्छ सोच्दा सोच्दे दोर्जे निदायो । भोलिपल्ट सहरबाट साहुहरु यार्सा गुम्बा किन्न आएर यार्सागुम्बा बेचेर दोर्जेले धेरै पैसा कमायो । त्यस पैसाबाट दोर्जेले घरमा चाहिने सामानहरु किन्यो । दशैंको लागि ठूलो खसी पनि किन्यो । ऊ खुसी हुँदै मच्ची मच्ची पिङ खेल्दै थियो । भालेले 'कुखुरी काँ' भन्यो दोर्जे ओछ्यानबाट झल्यास बिउँझियो । अलि अगाडि खुसी भएको दोर्जे निराश भयो ।

*कक्षा ४, नवोदय शिशु सदन, हेटौंडा-४*

# यार्चा




**भाइबहिनीका किताब**

**लेखक: अनन्त वाग्ले**
**चित्र: कृष्णगोपाल श्रेष्ठ**
**प्रकाशक: काठमाडौं पब्लिकेशन**
**मूल्य: रू. २५०/-**
**उमेर समूह: १० देखि १४ वर्ष**

भाइबहिनीहरु, तपाईँलाई यार्चाको बारेमा थाहा छ ? यसलाई कतिले यार्सा त कतिले यार्सागुम्बा पनि भन्छन् । यसको सबैभन्दा रमाइलो कुरा के हो भने यसलाई कहिले जीव त कहिले वनस्पतिको रुपमा प्रकृतिमा पाउन सकिन्छ । हो, हिउँद याममा किरा र वर्षा याममा झारको रुपमा पाइने यही अनौठो जीवको कथा हो 'यार्चा' ।

यो कथा मोती र लाले, दुई दिदीभाइको कथा हो । नेपालका हिमाली भेगमा धेरै मानिसहरु यार्चा खोजेर आफ्नो जीविका चलाउँछन् । यार्चामा थुप्रै औषधीय गुणहरु रहेको विश्वासका साथ निकै महँगो मूल्यमा यसको किनबेच हुन्छ । प्राय: वैशाखको दोस्रो सातादेखि असार पहिलो सातासम्म यार्चा टिप्न मानिसहरु घरबारै छाडेर लेकतिर लाग्छन् । त्यतिबेला विद्यालयहरु नै बन्द गरेर शिक्षक र विद्यार्थीहरु पनि यार्चा टिप्न जान्छन् । मोतीले पनि अघिल्लो वर्ष यार्चा टिपेर आफ्नो परिवारलाई आर्थिक रुपमा ठूलो सहयोग गरेकी हुन्छिन् । तर यसपटक शिक्षा कार्यालयबाटै यार्चा टिप्ने समयमा स्कुल बन्द गर्न नमिल्ने भन्ने निर्देशन आएपछि मोतीको स्कुलमा खैलाबैला मच्चिन्छ । के यसपाली मोतीले आफ्नो परिवारलाई सहयोग गर्न पाउँछिन् होला ? अनि लालेले के गर्छ होला ?

बालसाहित्यको क्षेत्रमा थुप्रै उत्कृष्ट सिर्जनाहरु गरिसक्नुभएका अनन्त वाग्लेले यो अध्याय पुस्तक लेख्नुभएको हो । विशेषगरी कक्षा ६ देखि ८ सम्मका भाइबहिनीका लागि उपयोगी यो किताबबाट मनोरञ्जन र ज्ञान दुवै एकैसाथ लिन सकिन्छ । काठमाडौं प्रकाशनबाट प्रकाशित यो किताब हेटौँडाका भाइबहिनीका लागि भैरबरोडमा रहेको किताबघरमा उपलब्ध छ ।

# मेरो आदत

म ऱ्याप पनि लेख्छु कविता पनि लेख्छु
म स्कूलमा आउँदा खेरी यता-उता फूलहरु देख्छु ।

यता-उता हेर्दा फूल पनि फूलेका
साथीहरुले किन होला स्कुल आऊन भुलेको

स्कुल आउन छोडेर गाउँभरी डुलेका
हाम्रो स्कुलमा रङगी चङ्गी फुल फलेको

हामी सबैले स्कुलबाटै सिक्नुपर्छ ज्ञान
पढाई लेखाईमा दिनुपर्छ ध्यान

हामी सबै राम्रोसँग पढ्नु-लेख्नु पर्छ
हामी सबै राम्रो पढेर ज्ञानी बन्नुपर्छ

हाम्रो स्कुलको फूलहरु राम्रो
श्री कमला आधारभूत विद्यालय हो हाम्रो



**✍विशाल लामा**

*कक्षा-५, कमला आधारभुत विद्यालय, हेटौँडा-१८*

# हामी नेपाली



**✍सफिना खातुन**

नेपाल हो मेरो देशको नाम
यहाँ सबैले गर्छन् मिजीजुली काम ।
नेपालमा बस्ने मानिस नेपाली कहलाउँछन्
देश राम्रो बनाउने काममा सबै अगाडि बढ्छन् ।

हामी हौं सबैजना नेपाली नेपालकै
गौतम बुद्धको जन्मस्थल लुम्बिनी हो नेपालकै
नेपाल छ बाँडिएको
हिमाल, पहाड र तराई गरी गर्छौं हामी काम
काँधमा काँध हाली ।
लगनशील छौं हामी सबै नेपाली
माया लाग्छ नेपालको हौं हामी नेपाली ।
पर्यटक आउने गर्छन् हाम्रै नेपाल देशमा

रमणीय दृश्य छ हाम्रै नेपाली भेषमा ।
पृथ्वीनारायण शाहको दिव्योपदेशले दिइएको छ सन्देश
व्यवहारमा उतारी बनेका छौं सचेत ।

आँच आयो नेपालमा भने हामी नेपालीहरु लड्ने छौँ
भेदभाव नगरी सबै मिलीजुली बस्दै छौं ।
नेपाल सधैँ रहन्छ हामी नेपाली कै
म जन्म लिन चाहन्छु हाम्रो नेपालमा नै ।

म गौरव हुने काम मात्र गर्छु
म नेपाली हुने काम मात्र गर्छु ।

मलाई भन्छन् सबैले नेपालकी छोरी
जात मेरो फरक तर हुँ म नेपाली ।

*कक्षा-७, श्रमिक माध्यमिक विद्यालय, हेटौंडा-४*

# सरस्वती पुजा

ज्ञानकी देवी सरस्वती हुन् उनी
सबैलाई गुण लगाउने महान् अनी गुणी ।

सरस्वती शारदा, ब्राहमी, गायत्री
भनिन्छ उनलाई महाभद्रा अनि सावित्री ।

यस पञ्चमीको नाम हो वसन्त
पुजा गरेपछि रहँदैन मन अशान्त ।



**✍सभ्यता कुँवर**

विद्याप्रप्तिका लागि गरिने उनको पुजा र आराधना
म गर्नेछु सदैव माता सरस्वतीको साधना ।

सेतो कमलमा विराजमान भई बस्छिन्
हामी जस्ता विद्यार्थीहरुमा ज्ञानको ज्योति छर्छिन् ।

हुन् माता सरस्वती शिक्षाकी ज्ञाता
महान् उनी हुन् तिनै लोकको माता ।

*कक्षा-७, बालजागृति ईंग्लिस सेकेण्डरी स्कुल, हेटौँडा-२*

# चित्रकला





**लक्ष्मी गुप्ता**
**कक्षा-५, रिलायन्स इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-५**





**राहुल राउत**
**हेटौँडा क्याम्पस**





**दिपसन अर्याल**
**कक्षा:- ६, सोलिड्यारिटि ईन्टरनेशनल एकेडेमी स्कूल, हेटौँडा-१०**




**प्रत्युसा स्याङ्तान**
**कक्षा-८, ज्ञानदा मावि, हेटौँडा-१०**

# गहिरो चिन्तन



**✍अनुषा उप्रेती**

सल्बलाउँछन् सोचहरू
मनको मझेरीमा
नदीजस्तै अनवरत बग्छन्
तर किनार भेट्दैनन्
नाप्न सकिँदैन
सागरको गहिराइ
त्यस्तै
तरङ्गित हुन्छन् प्रश्नहरू
आत्माको अतल गहिराइमा

पछ्याउँछु ती छायाँहरू
जसले उज्यालोको द्वार बन्द गर्छन्
जीवन एउटा रहस्यमय चित्र
जहाँ रङहरू धमिला हुन्छन्
र
आकारहरू आफ्नै अर्थ खोज्छन्

सपनाहरू टुटेका सिसाजस्तै
एउटा मधुरो उज्यालोमा
प्रतिबिम्बित हुन्छन्
अस्ताउँदो घामको
पातलो सुनौलोपन
जसरी ओइलाउँदै गएको
फूलको अन्तिम सुवास

अघि बढ्न खोज्छन् पाइलाहरू
ढाकिएका छन्
बाटाहरू धुलोले
तारा खोज्न आकाशतिर हेर्दा
म मात्र आफ्नै
कालो प्रतिबिम्ब देख्छु

एक ठाउँमा
एउटा उज्यालो झल्किन्छ
पहिलो वर्षाको बुँदाझैं
बाँझो माटो चिरिँदै
जीवन अङ्कुराउँछ
सृष्टि जस्तै
मेरो चिन्तन पनि अनन्त छ,
अन्धकारको गर्भबाट
जन्मिन खोज्दैछ
एउटा नयाँ बिहान !

*कक्षा १०, नवोदय शिशु सदन*
*हेटौंडा-४*

# विद्यार्थी परिचय

**आदित्य पराजुली**
**सिद्धार्थ शिशु सदन**
**हेटौडा-५**
**कक्षा-९**

आदित्य पराजुली हेटौडा-५ स्थित सिद्धार्थ शिशु सदन माध्यमिक विद्यालय कुक्षा-९ मा अध्ययनरत हुनुहुन्छ । आदित्यको घर हेटौँडा-१७ मा रहेको छ । आदित्यको घरमा हजुरबुबा, हजुरआमा, बुबा, आमा, बहिनी र उहाँ हुनुहुन्छ । आदित्यको बुबा पुस्तक व्यवसायी हुनुहुन्छ भने तेक्वान्दो प्रशिक्षक पनि हुनुहुन्छ र आमा गृहिणी हुनुहुन्छ ।



आदित्य तेक्वान्दो खेलाडी हुनुहुन्छ। आदित्यले हालसम्म भएको प्रथम र दोस्रो राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक, प्रथम हेटौँडा राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा स्वर्ण पदक, भारत, बग्लादेश, श्रीलङ्का लगायतका राष्ट्रहरुको सहभागिता रहेको, तेस्रो इन्डो नेपाल खुल्ला अन्तष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक हाँसिल गर्नुभएको छ ।

आदित्यले आफ्नो सबैभन्दा ठूलो जित बंगलादेशको ढाकामा भएको प्रथम साउथ एसियन स्कुल कम्ब्याट प्रतियोगिता २०२४ मा नेपालका लागि केरोगीतर्फ कास्यपदक र पुम्सेतर्फ रजत पदक हात बताउनुभएको छ । आदित्य पराजुलीले आफूलाई बाल मानवअधिकार रक्षक बताउनुहन्छ । आदित्य पराजुली हेटौंडा उपमहानगरपालिका वडा-१७ का बालसञ्जालको उपाध्यक्ष र हेटौँडा उपमहानगरपालिका नगरस्तरीय बाल सञ्जालका कोषाध्यक्ष हुनुहुन्छ । आदित्य पराजुली काठमाडौंमा एसियामै पहिलो पटक राष्ट्रिय भएको मानवअधिकार रक्षकहरूको राष्ट्रिय भेलामा बागमती प्रदेशको प्रतिनिधित्व गरेर सहभागी हुनुभएको थियो । आदित्यले घरको काम गर्नुका साथै पढाइमा पनि अब्बल हुनुहुन्छ । आदित्य भोलिको दिनमा देशमै बसेर देश, जनता र राष्ट्रको सेवा गर्ने इच्छा प्रकट गर्नुभएको छ ।

# आमा



**✍प्रदिजा बर्तौला**

कस्तो शब्द हो यो मननै खाने,
आमा भन्दै यो संसार छोडी जाने ।
महलनै भएपनि के छ र
जहा आमाका लागि ढोका खुल्दैन

दरबारनै भएपनि के छ र
जहाँ आमाका लागि दरबार खुल्छैन
आफु पिर बोकी हाँस्न सिकाएकी थिइन्
ताते ताते नानी भन्दै बाँच्न सिकाएकी थिइन् ।

च्याँ च्याँ आवाज आएको थियो
बिउँझेथिन् बेहोसीपनबाट आमा
'आमा' पहिलो शब्द आएको थियो
खुसी भएकी थिइन् ।

त्यो दुखपनबाट आमा
हामीलाई बेइज्जत पो गराएको छौ
इज्जत गर्ने गरिरहेका छौं
मान गर्ने ठाउँमा ।

"यो संसारमा
कसलेचाहीँ बुझेको छ र
महत्व सन्तानका लागि
आफ्नो ज्यान गुमाउने एउटा आमाको

*कक्षा-५, रेडरोज इङ्लिस बोर्डिङ स्कुल*
*हेटौँडा-१६*

## हेटौंडा उपमहानगरपालिका
## ८ नम्बर वडा कार्यालयको सूचना

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, बिवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौँ/ गराऔं ।

**रामकृष्ण थापा**
**वडा अध्यक्ष तथा**
**८ नम्बर वडा कार्यालय परिवार**

## VACANCY ANNOUNCEMENT

MIHM
MEGHA INSTITUTE OF HOTEL MANAGEMENT

**Positions:** Receptionist/ Marketing staff/ Accountant (Only female candidate can apply)
**Location:** Megha Institute of Hotel Management, Hetauda-4, Sheetal Mahal Bhavan.
**Employment Type:** Full-time
**About Us:**
*Megha Institute of Hotel Management is a leading institute dedicated to providing high-quality hospitality training, including Diploma in Culinary Arts, Barista, Sushi, Bakery, Bartender, Waitstaff, Housekeeping, Naan-Tandoori, and other cooking courses. We are looking for a dynamic and professional Receptionist, Marketing staff and an Accountant to manage operations and to support our administrative team.*
**Requirements:**
- Minimum +2 levels completed (Priority for Hotel Management graduates).
- Proficiency in MS-Word, Excel, and Photoshop.
- Strong communication skills in both Nepali and English.
- Basic accounting knowledge (billing, record-keeping, cash handling).
- Pleasant personality with a customer-friendly attitude.

**Responsibilities:**
- Greet and assist students, visitors, and staff.
- Handle phone calls, emails, and inquiries professionally.
- Maintain student records, registrations, and course schedules.
- Perform basic accounting tasks (fee collection, record maintenance).
- Assist in preparing promotional materials using Photoshop.
- Support the management team in daily administrative tasks.

**Benefits:**
- Attractive salary based on experience.
- Professional growth opportunities.

**How to Apply:** *Interested candidates can visit our office for direct application with their updated CV and a recent photograph.* **Application Deadline: 2081/10/28.**
For more details, contact us: 057-524042
Join us and be a part of a dynamic hospitality training institute!

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थान: हेटौडा-१ राप्तीरोड मकवानपुर**




## बोलपत्र आह्वान सम्बन्धी सुचना

*(प्रथम पटक प्रकाशित मिति: २०८१/१०/२३ गते)*

यस संस्थाको आफ्नै भवनमा व्यवस्थित कार्यालय कक्षमा सि.सि. क्यामरा जडान गर्नु पर्ने भएकोले लागत स्टिमेट (BOQ) बमोजीम कार्यहरु गर्न अनूभवी एवं ईच्छूक इजाजत प्राप्त योग्य फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ (सात)दिन भित्र तपशिलको ठेगानामा आईपूग्ने गरी शिलबन्दी वोलपत्र आह्वान गरिएको छ ।

**बोलपत्र सम्बन्धी थप जानकारी**:
१, प्रति फारम शूल्क रु. ५००।- (अक्षरुपि पाँच सय मात्र ।) (फिर्ता नहूने गरी) यस संस्थाको कार्यालयमा जम्मा गरी यस संस्थाबाट खरिद गर्न सक्नेछ ।
२, बोलपत्रदाताले उल्लेखित कार्य के कति दर रेटमा गर्न सक्ने हो संस्थाले तोकेको अनूसारको कामको परिमाणाको विवरण (BOQ) मा खूलाई तोकिएको धरौटी वापतको रकम यस संस्थामा नगद जम्मा गरी सो सक्कल भौचर बोलपत्र साथ संलग्न गरी पेश गनूपर्नेछ ।
३, बोलपत्रदाता निर्माण व्यवसायिहरुले बोलपत्र साथ दर्ता प्रमाण पत्र, इजाजत पत्र, मू.अ.क. दर्ता प्रमाणपत्र र कर चूत्ता प्रमाणपत्र लगायत कागजातहरुको प्रतिलिपि पेश गनू पर्ने ५ साथै कालो सूचीमा नपरेको स्वघोषणा पत्र समेत संलग्न गर्नू पर्ने छ ।
४, कम्तिमा ३ वटा बैक तथा वित्तिय संस्था वा सहकारी संस्थाको कार्यालय सि.सि. क्यामरा जडान सम्बन्धी काम गरेको अनूभव पत्र पेश गर्नूपर्नेछ ।
५, बोलपत्र पेश गर्दा संस्थाले उपलब्ध गराएको फारम नै संस्थामा पेश गर्नू पर्ने छ । बोलपत्र फारमको प्रत्येक पानाको अन्तमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हूनूपर्नेछ ।
६, उपरोक्त कार्यमा प्रयोग हूने इलेक्ट्रिकल सामानहरुको ब्राण्ड तथा तोकिएको ब्राण्ड एवं गूणस्तरको हूनूपर्नेछ र संस्थाको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नूपर्नेछ ।
७, बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति २०८१ माघ २९ गते कार्यालयको समय सम्म हूनेछ र यदि सो दिन सार्वजनिक विदा परेमा भोलिपल्टलाई अन्तिम दिन मानिनेछ ।
८, बोलपत्र फारम दाखिला गर्ने स्थान : आफ्नै कार्यालय हेटौँडा ५, पिप्ले
९, थप विवरण

| सम्झौता भएको मितिबाट कार्य पूरा गरी संस्थालाई हस्तान्तरण गनूपर्ने समय | बोलपत्र धरौटी वापतको रकम | बोलपत्र खोल्ने स्थान |
|---|---|---|
| सम्झौता बमोजिम | कबोल गरेको रकमको कम्तिमा ५% | संस्थाको कार्यालय हेटौँडा-५, पिप्ले |

**प्रकाश ब. खनाल**
**का.मू. व्यवस्थापक**
**संजिवनी बचत तथा ऋण सहकारी संस्था लि**
**हेटौडा-५, पिप्ले**

## हेटौंडा उपमहानगरपालिका
## ५ नम्बर वडा कार्यालयको सूचना

लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ त्यसैले
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिने ।
- आफ्नो घर–वरपर सफा राख्ने ।
- पानी राखेको भाँडोलाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं ।
- लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना काँप्चामा किटनाशक औषधी छर्कने गरौं ।
- कुलर, पानी टंकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु समयमै सफा गरौं ।

**सुशील घिमिरे**
**वडा अध्यक्ष तथा**
**५ नम्बर वडा कार्यालय परिवार**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

**खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौँडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# हेटौँडा-१५ नम्बर वडा बालमैत्री घोषणा



बालमैत्री वडा घोषणा गर्नुहुँदै नगरप्रमुख मीना कुमारी लामा ।

समाज संवाददाता

हेटौँडा : हेटौँडा-१५ नम्बर वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको छ । "बालबालिकामा लगानी सुनिश्चित भविष्यको थालनी" भन्ने मूल नाराका साथ मंगलबार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो ।

वडा अध्यक्ष सुनिल मोक्तानको अध्यक्षता तथा हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मिना कुमारी लामाको प्रमुख आतिथ्यमा वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो । कार्यक्रममा वडाको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै अध्यक्ष मोक्तानले बालमैत्री घोषणा गर्न आवश्यक ५१ वटा सूचक पूरा भएसँगै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेको जानकारी दिनुभयो । ४५ वटा सूचक १०० प्रतिशत, ३ वटा सूचक ९७ प्रतिशत, २ वटा सूचक ९० प्रतिशत र एक वटा सूचक ८१ प्रतिशत नतिजा हासिलसँगै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेको उहाँको भनाई छ ।

यस्तै नगरप्रमुख लामाले बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्दैमा बालश्रम र बालविवाह जस्ता घटना अन्त्य नहुने बताउनुभयो । बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा पश्चात् ती घटनालाई न्यूनीकरणका लागि अभियानको रुपमा अघि बढ्न सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । यस्तै हेटौंडा उपमहानगरलाई आगामी फागुन १ गते स्थापना दिवसको अवसरमा बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणाको तयारीमा रहेको प्रमुख लामाले जानकारी दिनुभयो ।

घरधुरी सर्वेक्षण २०७९ अनुसार १५ नम्बर वडामा २ हजार ३ सय ४५ घरधुरी रहेको छ । जसमा ५ हजार ४ सय १६ महिला, ५ हजार ५ सय ६१ पुरुष, लैंगिक अल्पसंख्याक २ जना गरेर १० हजार ९ सय ७९ जनसंख्या रहेका छन् । एक हजार ६ सय २४ बालक र एक हजार ५ सय ५७ बालिका गरी ३ हजार एक सय ८१ बालबालिका छन् । सामुदायिक, संस्थागत विद्यालय र बाल विकास केन्द्रसहित १० वटा विद्यालय सञ्चालनमा छन् । यस्तै २४ वटा बाल समूह र एउटा बाल सञ्जाल छ । जसमा ६ सय जना बालबालिका आबद्ध छन् भने विभिन्न संरचनागत समितिमा गरी ६ सय ४७ जना बालबालिका प्रत्यक्ष सहभागिता रहेको छ ।

२०७९ मंसिर २६ गते सरोकारवालाको उपस्थितिमा प्रतिबद्धता जाहेर गर्दै वडाले उक्त अभियान सुरु गरेको थियो । कार्यक्रममा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणामा सहयोग पुऱ्याउने विभिन्न संघसंस्था तथा व्यक्तिलाई प्रशांसापत्र प्रदान गरिएको छ । कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख तीर्थराज चिलुवाल, जिल्ला समन्वय समिति मकवानपुरका सदस्य खड्काबहादुर पुलामी, हेटौँडा उपमहानगरपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम, जनप्रतिनिधी, शिक्षक, विद्यार्थी, अभिभावक लगायतको उपस्थिति रहेको थियो ।

# पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपीभी खोप लगाउन सुरु



किशोरीलाई एचपीभी खोप लगाइँदै ।

समाज संवाददाता

हेटौँडा : देशभर किशोरीलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपीभी खोप लगाउन सुरु गरिएको छ । मंगलबार बागमती प्रदेशको राजधानी हेटौँडा-१० स्थित ज्ञानदा माविमा मुख्यमन्त्री बहादुरसिं लामाको प्रमुख आतिथ्यमा खोप लगाउने कार्यक्रम औचापरिक रुपमा उद्घाटन गरिएको छ । बागमती प्रदेशमा २ लाख ९८ हजार ३ सय ५ जना किशोरीलाई एचपीभी खोप लगाइनेछ ।

ज्ञानदा माध्यमिक विद्यालयमा ५५ जना किशोरीलाई खोप लगाइएको छ । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री लामाले कतिपय महिलाले पाठेघरको मुखको क्यान्सर रोग लागे पनि लुकाउने गरेको बताउनुभयो । आफूलाई अर्कै दृष्टिकोणले हेर्ने भन्दै महिलाहरुले रोग लुकाउने गरेको पाइएको उहाँको भनाई छ । आगामी फागुन ६ गतेसम्म निशुल्करुपमा एचपीभी खोप लगाइने उहाँले बताउनुभयो । विद्यालयमा अध्ययनरत ६ कक्षादेखि १० कक्षासम्मका छात्रा र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई लक्षित गरेर खोप लगाउन सुरु गरिएको हो ।

मकवानपुरका २२ हजार ७ सय १३, चितवनका ३१ हजार ५ सय ७०, धादिङका १३ हजार ९ सय ७३ नुवाकोटका ११ हजार १ सय ७८, रसुवाका १ हजार ६ सय ८६, काठमाडौँका १ लाख ११ हजार १ सय ४ जना, ललितपुरका ३१ हजार ९ सय ८५, भक्तपुरका १९ हजार २ सय ९५, काभ्रेका १६ हजार १ सय १३, सिन्धुपाल्चोकका १० हजार ४ सय ६८, दोलखाका ६ हजार ५ सय २०, रामेछापका ७ हजार ७८ र सिन्धुलीका १४ हजार ६ सय २२ जना किशोरीलाई एचपीभी खोप लगाउने लक्ष्य रहेको छ ।

खोप लगाउन ८ हजार ७ सय ३६ स्वयंसेवक र ४ हजार ३ सय २४ जना कर्मचारी खटिएका छन् । विद्यालयका ६ कक्षादेखि १० कक्षाका २ लाख ७५ हजार ७१ जना किशोरी तथा विद्यालय बाहिरका २३ हजार २ सय ३४ जना किशोरी खोप अभियानबाट लाभान्वित हुने बताइएको छ । नेपालमा हरेक वर्ष २ हजार २ सय महिलालाई पाठेघरको मुखको क्यान्सर हुने गरेको छ । तीमध्ये १ हजार ३ सय महिलाको मृत्यु हुने गरेको छ ।

कार्यक्रममा बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्री किरण थापा, आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछाने, सहकारी तथा गरिबी निवारण मन्त्री मदकुमार श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको पनि उपस्थिति रहेको थियो ।

# अन्तरनगर सितोरियो कराँतेमा सहभागी हुने खेलाडीलाई बिदाइ

समाज संवाददाता

हेटौंडाः प्रथम संस्करणको अन्तर नगरपालिकास्तरीय आमन्त्रण सितोरियो कराँते प्रतियोगितामा सहभागी हुने हेटौंडाका खेलाडीलाई बिदाइ गरिएको छ । चितवन जिल्लाको भरतपुर महानगरपालिकामा बुधबार र बिहीबार सञ्चालन हुने प्रतियोगितामा सहभागी हुने खेलाडीलाई बिदाइ गरिएको हो ।

मंगलबार हेटौंडा-४ स्थित सितोरियो कराँते संघ मकवानपुरको कार्यालयमा खेलाडीलाई बिदाइ गरिएको छ । संघका अध्यक्ष दीपक लामाको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा ७ जना महिला र ७ जना पुरुष गरी १४ जना खेलाडीको बिदाइ गरिएको छ । खेलाडीहरुको प्रतिनिधित्व गरेर प्रशिक्षक रामलाल थोकर, व्यवस्थापक भीम घलान र रेफ्री विष्णु श्रेष्ठ जानु हुनेछ । खेलाडीलाई बिदाइ गर्नुहुँदै नगर प्रमुख लामाले प्रतियोगितामा सहभागी हुने सबै खेलाडीहरुलाई शुभकामना व्यक्त गर्नुभएको थियो ।

अन्तर नगरपालिकास्तरीय कराँते प्रतियोगितामा पुरुषतर्फ ४० केजी तौल समूहबाट सुकुलाल मोक्तान, ४५ केजी तौल समूहबाट सवाल सिंह घलान, ५० केजी तौल समूहबाट अमन घलान, ५५ केजी तौल समूहबाट छोइसाङ थोकर, ६० केजी तौल समूहबाट विकास राई, ६७ केजी तौल समूह बाट उसित लामा सहभागी हुने भएका छन् । महिलातर्फ ३५ केजी तौल समूहबाट अनुस्का लोप्चन, ४० केजी तौल समूहबाट प्रीति थिङ, ४५ केजी तौल समूहबाट सुरक्षा मैनाली, ५० केजी तौल समूहबाट सुजता भोलन, ५५ केजी तौल समूहबाट प्रमिला थिङ, ६१ केजी तौल समूहबाट आकृति पुलामी र डोल्मा भोम्जन सहभागी हुने भएकी छिन् ।

# प्रेस चौतारीको २७ औँ स्थापना दिवस सम्पन्न

समाज संवाददाता

हेटौंडा : नेकपा एमाले निकट प्रेस चौतारीको २७ औं स्थापना दिवस मकवानपुरमा पनि मनाइएको छ । मंगलबार एक कार्यक्रमको आयोजना गरी स्थापना दिवस मनाइएको हो ।

प्रेस चौतारी मकवानपुरकी अध्यक्ष सरिता दाहालको सभाध्यक्षता तथा नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर रानाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा बागमती प्रदेश सभा सदस्य तथा नेकपा एमाले मकवानपुरका निवर्तमान अध्यक्ष एकलाल श्रेष्ठको पनि उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि रानाले मिडियाकर्मीहरुको आलोचनात्मक हिसाबले जाने कुरालाई सहजरुपमा स्वीकार्ने र पार्टीको चाहना पनि त्यही भएको बताउनुभयो । पुर्खाले रोपेर हुर्काएको चौतारी आजको पुस्ताले हाँगा भाँच्ने काम गरेको भन्दै व्यङ्ग्यात्मक टिप्पणी गर्नुभयो ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष कृष्ण सारु मगरले वर्तमान समयमा पत्रकारहरु पत्रकारिता कम दलकारिता ज्यादा भएको बताउनुभयो । सरकारले भर्खरै संसदमा पेश गरेको सञ्चार विधेयक सरकारमा जुनसुकै पार्टी भए तापनि उक्त विधेयक खारेज हुनुपर्ने उहाँले बताउनुभयो । त्यस्तै पत्रकार कुनै समयमा पार्टी पक्षधर भएकाले राज्यमा ठूलो समस्या निम्त्याएको र वर्तमान समयमा झन व्यक्ति पक्षधर भएर नै लागी पर्दा पत्रकारिता क्षेत्र नै अस्तव्यस्त बनेको भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

हार्दिक बधाई एवम् आभार



मिति २०८१ साल माघ १९ गते शनिबार सम्पन्न **प्रथम संस्करणको वडा अध्यक्ष कप भलिबल प्रतियोगिता**को उपाधि विजेता, उपविजेता टिम, प्रतियोगितामा सहभागी सम्पूर्ण टिम, निर्णायक, सहयोगी वडा कार्यालय, व्यक्तिगत र संस्थागत रुपमा सहयोगी एवम् शुभेच्छुकमा हार्दिक आभार व्यक्त गर्दछौं ।

दिनेश चौलागाई, संयोजक
वडा खेलकुद विकास समिति

मनोज लामा स्याङ्तान
प्रतियोगिता आयोजक समिति संयोजक

एवम् वडा खेलकुद विकास समिति परिवार
हेटौँडा-१२, मकवानपुर

# त्रिवेणी धाममा १३२ जनाको व्रतबन्ध

समाज संवाददाता

हेटौंडाः हेटौडा-९ मा रहेको कुस्माण्ड सरोवर त्रिवेणी धाममा एक सय ३२ जनाको ब्रतबन्ध गरिएको छ । एक महिने मकर स्नान तथा देवी भागवत महापुराणको क्रममा व्रतबन्ध भइरहेको धामका अध्यक्ष ईश्वरीप्रसाद न्यौपानेले जानकारी दिनुभयो ।

व्रतबन्धको मुहुर्त तथा विभिन्न अवसरमा सामूहिक व्रतबन्ध गरिएको छ । धाममा माघ १ गते ३५ जना, २ गते २२ जना, ३ गते २५ जना, १८ गते ३५ जना र २१ गते १५ जनाको व्रतबन्ध भएको छ । महापुराण समापनको दिन माघ ३० गते ४० जनाभन्दा बढीको व्रतबन्ध गरिने अध्यक्ष न्यौपानेले जानकारी दिनुभयो ।

गत पुस २९ गते पूर्वाङ्ग गरी माघ १ गतेबाट महापुराण सुरु भएको थियो । माघ २० देखि ३० गतेसम्म प्राडा माताकान्ता भट्टराई र गोपालप्रसाद चालिसेले प्रवचन गर्नु हुनेछ । यस्तै, माघ १ गतेबाट १९ गतेसम्म जीवराज बखेल र यदु अधिकारीले प्रवचन तथा कथा वाचन गर्नु भएको थियो । महाज्ञको उद्घाटन हेटौंडा उपमाहानगर पालिकाका प्रमुख मीनाकुमारी लामाले गर्नुभएको थियो ।

# शिक्षक हाजिरीजवाफमा राजदेवी मावि प्रथम

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१७, हटियास्थित बालबोध माध्यमिक विद्यालयको ४७ औं वार्षिकोत्सवको अवसरमा नगरस्तरीय हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको छ । आइतबारदेखि सुरु भएको विविध कार्यक्रम अन्तर्गत मंगलबार सामुदायिक विद्यालयका शिक्षकहरुबीच हाजिरीजवाफ प्रतियोगिता भएको हो ।

प्रतियोगितामा हेटौंडा-१७ स्थित राजदेवी माध्यमिक विद्यालय प्रथम, हेटौंडा-१८ स्थित कमला आधारभूत विद्यालय द्वितीय र हेटौंडा-१२ स्थित बुद्ध माध्यमिक विद्यालय तृतीय भएको बालबोध माध्यमिक विद्यालयका शिक्षक रमेश रिजालले जानकारी दिनुभयो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयलाई क्रमशः ३ हजार रुपैयाँ, २ हजार रुपैयाँ र एक हजार रुपैयाँ नगदसहित प्रमाणपत्र प्रदान गरिएको उहाँले बताउनुभयो ।

प्रतियोगितामा ७ वटा विद्यालयको सहभागिता रहेको थियो । बालबोध माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप अर्यालको अध्यक्षतामा प्रतियोगिता भएको हो । आइतबार र सोमबार विद्यार्थीबीच भलिबल, बेलुन फुटाई, दौड, हाजिरीजवाफ प्रतियोगिता भएको छ । बुधबार सांस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण गर्दै विद्यालयको वार्षिकोत्सव समापन गरिनेछ । विद्यालयमा करिब ४ सय विद्यार्थी अध्ययनरत् छन् ।

# जीवन र बिक्रम गाँजासहित पक्राउ

समाज संवाददाता

हेटौँडा : मकवानपुरको मनहरी गाउँपालिका-२ का ३८ वर्षीय जीवन स्याङ्बो र हेटौँडा-१५ का ३१ वर्षीय बिक्रम लामा लागूऔषध गाँजासहित बारा जिल्लाको पथलैयाबाट पक्राउ परेका छन् ।

मंगलबार बिहान ६ बजेर १० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत बारा जिल्लाको पथलैयाबाट जीवन र बिक्रमलाई ७ केजी लागूऔषध गाँजासहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । हेटौँडाबाट पथलैयातर्फ जाँदै गरेको बा प्र ०३-००५ प ७२६६ नम्बरको स्कुटर रोकेर सुरक्षाजाँच गर्दा लागूऔषध गाँजा बरामद भएको प्रहरीले जनाएको छ । प्रहरीले उनीहरुलाई हिरासतमा राखेर थप अनुसन्धान गरिरहेको जनाएको छ ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ